# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं.: ८०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
जलजला गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
पर्वत ।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

२०७८ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः २०७८।७९
च.नः १६९

मितिः २०७८।५।४

श्री अध्यक्षज्यू,
जलजला गाउँपालिका,
लामाखेत, पर्वत ।

## विषयः लेखापरीक्षण प्रतिवेदन ।

### कैफियत सहितको राय

हामीले जलजला गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यस संग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यस संग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तह संग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

### कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु. ९९ लाख २६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ९ लाख ९६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४३ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु. ४१ लाख ९६ हजार र पेश्की बाँकी रु. ३ लाख ६९ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।२७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २० (बीस ) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

### वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

## जलजला गाउँपालिका,लामाखेत, पर्वत
## लेखापरीक्षण प्रतिवेदन
## २०७६/७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस जलजला गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, ८२.२६ वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार ४५४ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७६।०७७ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५८,९३,४६,७७८.८४ | ४६,९६,६५,०२२.२१ | | ४६,९६,६५,०२२.२१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४६,६२,८३,००० | ४१,०९,४४,४८१.७५ | ० | ४१,०९,४४,४८१.७५ |
| ११००० कर | ११ | ७,५२,२४,००० | ४,५२,८६,५४३.५० | ० | ४,५२,८६,५४३.५० |
| १३००० अनुदान | | ३८,७१,५९,००० | ३६,०३,८८,०४१.६५ | ० | ३६,०३,८८,०४१.६५ |
| संघीय सरकार | १२ | ३६,५०,०८,००० | ३३,८८,९३,०४१.६५ | ० | ३३,८८,९३,०४१.६५ |
| प्रदेश सरकार | १२ | २,२१,५१,००० | २,१४,९५,००० | ० | २,१४,९५,००० |
| १४००० अन्य राजस्व | | ३९,००,००० | ५२,६९,८९६.६० | ० | ५२,६९,८९६.६० |
| ख. अन्य प्राप्ति | | १२,३०,६३,७७८.८४ | ५,८७,२०,५४०.४६ | | ५,८७,२०,५४०.४६ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | ३,२४,०५,९७८.८४ | २,६९,१८,८६३.१२ | ० | २,६९,१८,८६३.१२ |
| धरौटी | | ० | १५,०३,०७३.२४ | ० | १५,०३,०७३.२४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ९,०६,५७,८०० | ३,०२,९८,६०४.१० | ० | ३,०२,९८,६०४.१० |
| भुक्तानी (ग+घ) | | ६०,९०,०१,२४१.८४ | ४६,७१,८१,०२१.६६ | | ४६,७१,८१,०२१.६६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४८,५९,३७,४६३ | ४१,९०,५३,२६६.७० | | ४१,९०,५३,२६६.७० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ४,०१,९२,००० | ३,४०,६३,३८३.५७ | ० | ३,४०,६३,३८३.५७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ४,११,२२,००० | २,९१,०७,९४७.५८ | ० | २,९१,०७,९४७.५८ |
| २५००० सहायता (Subsidy) | १८ | ३८,९७,००० | ३३,७३,५७२.१० | ० | ३३,७३,५७२.१० |
| २६००० अनुदान | १८ | १७,१६,९४,००० | १५,९६,५९,७१४.५० | ० | १५,९६,५९,७१४.५० |
| २७००० सामाजिक सुरक्षा | १८ | ८,२३,९८,००० | ७,०१,०७,४१० | ० | ७,०१,०७,४१० |
| २८००० अन्य खर्च | १८ | २१,२०,००० | १४,१०,६०० | ० | १४,१०,६०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १४,४५,१४,४६३ | १२,१३,३०,६३८.९५ | ० | १२,१३,३०,६३८.९५ |
| घ. अन्य भूक्तानी | | १२,३०,६३,७७८.८४ | ४,८१,२७,७५४.९६ | | ४,८१,२७,७५४.९६ |
| कोषहरु | | ३,२४,०५,९७८.८४ | १,७४,२६,४६०.३४ | ० | १,७४,२६,४६०.३४ |
| धरौटी | | ० | ५,५५,८०० | ० | ५,५५,८०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ९,०६,५७,८०० | ३,०२,९८,६०४.१० | ० | ३,०२,९८,६०४.१० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१,५३,१०९.४८) | | (१,५३,१०९.४८) |
| ङ. यो वर्षको बचत (न्युन) | | (१,९६,५४,४६३) | २४,८४,०००.५५ | | २४,८४,०००.५५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,२४,३९,६०९.३७ | | २,२४,३९,६०९.३७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१,९६,५४,४६३) | २,४९,२३,६०९.९२ | | २,४९,२३,६०९.९२ |
| बैंक तथा नगद बाकी | २४ | | २,५२,३१,०९३.४२ | | २,५२,३१,०९३.४२ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रतिक्रियाबाट रु.१२ हजार असुली भएको छ । | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको छ ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको छ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१,७२,६२,६२८।०० मौज्दात कायम भएकोमा उक्त रकमको अतिरिक्त गतवर्षको २०७६।०३।२१ देखि २०७६ आषाढ मसान्तसम्म थप भएको राजस्व बाँडफाँड रकम रु.२९,५७,१३४।७३, वन रोयल्टी थप रु.३६,३५७।०० समेत रु.२९,९३,४९१।७३ मौज्दात बढ्न गई कूल मौज्दात रु.२,०२,५६,११९।७३ हुनुपर्नेमा म.ले.प.फा.नं. २७२ वित्तीय प्रतिवेदन अनुसार रु.२,२४,३९,६०९।३७ जिम्मेवारी देखाएकोले रु.२१,८३,४८९।६४ बढी जिम्मेवारी देखिन्छ । के, कसरी बढी जिम्मेवारी देखिएको हो सो सम्बन्धमा भिडान तथा यकिन गर्नुपर्दछ । | |
| ३. | **मौज्दात फरक** – वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ को अनुसूची २४ अनुसार विभिन्न खाताको बैङ्क तथा नगद बाँकी रु.२,५२,३१,०९३।४२ र स्रेस्ता अनुसार मौज्दात रु.२,४९,२३,६०९।९२ बाँकी देखिएबाट स्रेस्तामा भन्दा बैङ्कमा रु.३,०७,४८३।५० बढी देखिएको छ । स्रेस्ताभन्दा बैङ्कमा के, कुन रकम बढी देखिएको हो सो सम्बन्धमा गाउँपालिकाले भिडान गरी यकिन गर्नुपर्दछ । | |
| ४. | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपसिल बमोजिम रहेका छन्:<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । २<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैङ्क खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भरपाईहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केही योजनामा पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • निजामती सेवा ऐन, २०४९ को दफा ५(ख) बमोजिम कर्मचारीहरूको कार्य विवरण बनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.३,३६,९५,३८३.५७ खर्च लेखेको पाईयो ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ११ ऐन, ३ नियमावली, १९ कार्यविधि ३ निर्देशिका र १ मापदण्ड समेत ३७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ आवश्यकता अनुसार कानूनको निर्माण गरिनु पर्दछ । | |
| | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ५. | **बजेट पेस, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सीमा गर्बुजा पुनले २०७६।०३।१० गते नै रु.४३ करोड ३७ लाख ७५ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७६।०३।२१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०३।२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेस गरी पारित बजेटमा थप अख्तियारी प्राप्त भई बजेट संशोधनबाट रु.४५,६८,४१,०००।०० कायम भएको छ । उक्त बजेटमा अन्तर सरकारी स्थानीय पूर्वाधार, गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयबाट प्राप्त अख्तियारी समेत समावेश भएको छैन । | |
| ६. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.७२ लाख ६५ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७६।०४।२६ को निर्णयबाट चालुतर्फ विभिन्न शीर्षकमा रु.१५,४९,३०८।०० र पुंजीगततर्फ विभिन्न शीर्षकमा रु.५७,१५,६९२।०० बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ७. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहायबमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| पुँजीगत खर्च शीर्षक | कूल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| जलजला गाउँपालिका | १२१३३१ | ११९०४ | ३२६०० | ७६८२६ | ३३८११ |
| प्रकोप व्यवस्थापन | १७०६ | ३६४ | १०९५ | २४७ | ४८ |
| विविध खर्च | ५९५ | ० | ५९५ | ० | ० |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ७९९९ | ० | ० | ७९९९ | ३०१२ |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण | १८४ | ० | ० | १८४ | १८४ |
| कूल खर्चः | १३१८१५ | १२२६८ | ३४२९० | ८५२५६ | ३७०५५ |
| खर्च प्रतिशत | १००.०० | ९.३१ | २६.०१ | ६४.६८ | २८.११ |

उपरोक्तानुसार पुँजीगततर्फ प्रथम चौमासिकमा ९.३१ प्रतिशत, दोश्रोमा २६.०१ प्रतिशत मात्र खर्च हुन सकेको छ भने तेश्रो चौमासिकमा ६४.६८ प्रतिशत र आषाढमा मात्र २८.११ प्रतिशत खर्च भएको पाइयो । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक तथा आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

८. **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १४९००००० | १३३८४७६३ | ८.१५ |
| सामाजिक क्षेत्र | २२०५०००० | १५९२५९४१ | ९.७० |
| पूर्वाधार विकास क्षेत्र | ९५५४९४६३ | ८११७४९०७ | ४९.४१ |
| वातावरण तथा विपद् व्यवस्थापन | १४६६५००० | १२०६९३०६ | ७.३५ |
| संस्थागत विकास र सेवा प्रवाह | ६११८५५३७ | ४१२११७२१ | २५.०९ |
| अन्य चालु खर्च | ५००००० | ५००००० | ०.३० |
| जम्मा | २०८८५०००० | १६४२६६६३८ | १००.०० |

९. **खर्च विश्लेषण** - पालिकाले यस वर्ष कूल आन्तिरक आयबाट रु.५,०५,५६,४४०.१० राजस्व बाँडफाँड र अनुदानबाट रु.३६,५६,५७,९३८.२५ समेत रु.४१,६२,१४,३७८.३५ आम्दानी भएकोमा चालुतर्फ सशर्तसहित रु.२९,७७,२२,६२७.७५ र पुँजीगततर्फ रु.१२,१३,३०,६३८.९५ समेत रु.४१,९०,५३,२६६.७० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १२.०६ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.१८,१२,०००.०० खर्च भएको छ जुन आन्तरिक आयको ३.५८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडका रकमबाट ७१.०५ प्रतिशत चालु र २८.९५ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १०. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले सहायक कम्प्युटर अपरेटर पदमा २ जना कर्मचारीहरू करारमा राखी रु.७,११,७०४।०० खर्च लेखेको छ । | |
| ११. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष ३ विवाद दर्ता भएकोमा २ वटा मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १२. | **आन्तरिक लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ अनुसार नेपाल सरकारका प्रत्येक कार्यालयको कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता आधारमा आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कोष तथा लेखानियन्त्रक कार्यालयबाट हुने र आफ्नो कार्यालयको आन्तरिक लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ भनी उल्लेख भएकोमा यस जलजला गाउँपालिकाले आ.व. २०७६।७७ को संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरूको आन्तरिक लेखापरीक्षण को.ले.नि.का. बाट नगराई पालिकाको आन्तरिक लेखापरीक्षकबाट गराएको छ । अतः ऐनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ । | |
| | **पदाधिकारी सुविधा** | |
| १३. | **स्वकीय सचिव र सल्लाहकार** - गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर पालिकाका अध्यक्षले कानूनी र राजनीति सल्लाहकार सचिव र कानूनी सल्लाहकार रुपमा सहायक पाँचौ स्तरको तलब भत्ता भुक्तानी हुने गरी श्री याम शर्मा पौडेल र हरीनारायण रेग्मीलाई नियुक्त गरी मासिक रु.२८,२००।०० का दरले कुल रु.७५३२००.०० भुक्तानी गरेको छ । | |
| १४. | **वैदेशिक भ्रमण** - दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्दछ । यस पालिकाका अध्यक्ष श्री यामबहादुर मल्ल नेपाल सरकार माननीय मन्त्रीस्तरको मिति २०७४।०४।०८ को निर्णयले संयुक्त राज्य अमेरिका भ्रमण गरी रु.२,९४,६५३।०० खर्च भएको छ । | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

१५. **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.५४,०७,४२६।९० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

१६. **अन्य कार्यालयको खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । सहयोग स्वरुप तपसिलको कार्यालय वा संस्थालाई रु.८,३६,७१०।०० रकम उपलव्ध गराइएको छ ।

| गो. भौ. नं. र मिति | भुक्तानी पाउने संस्था | प्रयोजन | रकम |
|---|---|---|---|
| २।०७६।५।२५ | जिल्ला प्रशासन कार्यालय पर्वत | एसी खरिद | १५७०७० |
| ३।०७६।५।२५ | जिल्ला प्रहरी कार्यालय | सवारी साधन मर्मत | १८७८६२ |
| ७।२०७७।३।१७ | जिल्ला प्रहरी कार्यालय पर्वत | ना१ग६०३ टाटा वानटन गाडीको मर्मत सम्भार | ३६८०४ |
| २१।२०७७।३।२९ | जिल्ला प्रहरी कार्यालय पर्वत | ना२झ१२२४ को स्कार्पियो र ना१ग६०३ टाटा वानटन गाडीको मर्मत सम्भार | १०३०७६ |
| | नेपाल मगर संघ | जिल्ला अधिवेशन अनुदान सहयोग | १००००० |
| २१९-२०७६/९/१४ | प्रहरी चौकी वारी वेनी | सहयोग | ६०००० |
| २२८-२०७६/९/१४ | प्रहरी चौकी मिलनचोक | आर्थिक सहयोग | ५९४५१ |
| ३११-२०७६/११/२ | जिल्ला प्रहरी कार्यालय | मर्मत सम्भार हयोग | १३२४४७ |
| | | जम्मा | ८३६७१० |

**कर दस्तुर एवं आन्तरिक आय**

१७. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३०००००० | २३३६०१९ | ७७.८६ |
| घरजग्गा वहाल कर | २००००० | १६४८९५ | ८२.४५ |
| व्यवसाय कर | ३००००० | १९४३३१ | ६४.७८ |
| बहाल विरौटी शुल्क | ५००००० | ० | ०.०० |

पालिकाभित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

१८. **डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण |
|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| विद्याज्योति मा.वि. | इगल्स सोलुसन | ५००००० | ४९७२०० | १८९५३३८६ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

१९. **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | पञ्चमूल प्रा.वि. जलजला-५ | ३ | २ | ० | १६ |
| २ | कृष्ण भवन धर्म मा.वि. जलजला ७ | १६ | १५ | ३ | १६८ |

२०. **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका कम्प्युटर कक्षा सञ्चालन गर्न बनौं माध्यमिक विद्यालय जलजला-९, लाई वित्तीय समानीकरण अनुदानबाट रु.५,००,०००।०० तलब भत्ता भुक्तानी गरेको पाईयो ।

२१. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पुंजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु. २६३१७१०.००

| ब.उ.शि.न | गो.भौ./मिति | खरिद गरिएको सामाग्री | खरिद गरिएको फर्म | रकम |
|---|---|---|---|---|
| गा.पा. चालु | ५१-२०७६/६/१५ | मसलन्द र स्टेसनरी | मनकामना फोटो एण्ड स्टेशनरी सेन्टर | ३३७२४८ |
| | ७४-२०७६/७/५ | मसलन्द र स्टेसनरी | नव मनकामना फोटो एण्ड स्टेशनरी | १९९३३२ |
| | ३४६-२०७६/११/२९ | मसलन्द र कार्यालय सामाग्री | शुभ मंगल अफसेट प्रेश | १९९९९५ |
| | ३७४-२०७६/११/२९ | मसलन्द र कार्यालय सामाग्री | मनकामना फोटो एण्ड स्टेशनरी | २३९३२८ |
| | ४९९-२०७७/३/१८ | मसलन्द र कार्यालय सामाग्री | मनकामना फोटो एण्ड स्टेशनरी | १५००८६ |
| | ५२२-२०७७/३/२३ | मसलन्द र कार्यालय सामाग्री | पोखरेली सप्लायर्स | २००६४३ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | ५३४-२०७७/३/२४ | मसलन्द र कार्यालय सामाग्री | न्यु मनकामना फोटो एण्ड स्टेशनर | ३२०००० |
| सशर्त चालु तर्फ | १५३-२०७७/३/२६ | सोलार व्याट्री | यस वि यस आशिष ट्रेडिङ्ग | ४९०७४० |
| | १६४-२०७७/३/२६ | सोलार प्यानल इन्भर्टर | कालिगण्डकी ग्रिल उद्योग | ४९४३३८ |
| | | | जम्मा | |

२२. **सवारी साधन खरिद** - अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले निर्देशन विपरित तपसिलको सवारीसाधन खरिद गरी रु.६२,९७,३००।०० खर्च लेखेको छ ।

| सि. नं. | भौ नं र मिति | आपूर्तिकर्ता | सवारी साधन | रकम |
|---|---|---|---|---|
| १ | ३।२०७६।११।२१ | यादव बर्दश प्रा.लि. | होण्डा मोटरसाइकल १ | ५९४५०० |
| २ | ६।०७६।५।२९ | शुभकामना अटोमोवाईल्स | पल्सर मोटरसाइकल १ | २५३९०० |
| ३ | १५।०७६।६।१६ | शुभकामना अटोमोवाईल्स | पल्सर मोटरसाइकल १ | २७९९०० |
| ४ | २२।०७६।७।७ | बतास ब्रदर्श प्रा. लि. | पिक अप बोलेरो जिप १ | २८७४००० |
| ५ | १३७।२०७६।११।५ | बतास ब्रदर्श प्रा. लि. | ट्र्याक्टर | २२९५००० |
| | | | जम्मा | ६२९७३०० |

२३. **अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु.३,००,०००।०० को लामाखेत स्वीमिङ पुल नाली मर्मतको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यो वर्षसम्म उक्त योजनामा रु.५७,६००।०० पेश्की खर्च भएको छ । यस प्रकारको दायित्व बिगत वर्षहरूको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी वर्षौंसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

२४. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा सोलिङ र ग्याविन जाली निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १२७ जनालाई रोजगारी उपलब्ध गराई रु.१८,०६,८०५।०० खर्च गरेको छ । लक्षित वर्गलाई ८ दिनदेखि ६२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

**पुंजीगततर्फ**

२५. **पुंजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पुंजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुंजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

गर्नुपर्ने कार्यक्रम छनौट गरी पुँजीगत शीर्षकमा समावेश गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट रु.६,१६,१६७।०० भुक्तानी दिएको पाईयो ।

| भौ. नं. र मिति | भुक्तानी पाउनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| ८५।०७६।९।८ | पर्वत व्याटमिन्टन संघ | व्याटमिन्टनका सामाग्री | ९०००० |
| ९५।०७६।९।१४ | दुर्गा वहादुर सुनार | आरन सुधार | ३९९९९ |
| १०५।०७६।९।२५ | कोट भगवती नौमति बाजा समूह | बाजा खरिद | १०००००० |
| २७५।०७७।३।५ | शालिजा पञ्चेबाजा समूह | पञ्चेबाजा खरिद | ९९९१० |
| २८०।०७७।३।१७ | रमेश बिक | आरन खरिद | २०००० |
| २८१।०७७।३।१७ | रामु दमै | बाजा तयार खर्च | १०००००० |
| २९१।०७७।३।२१ | धवलागिरी एफ एम प्रा लि | सूचना प्रकाशन | २८२५० |
| २९२।०७७।३।२१ | म्याग्दी काली संचार सहकारी | सूचना प्रकाशन | १६९५० |
| २९४।०७७।३।२१ | देवी प्रसाद विलासी | हवाईट बोर्ड खरिद | ३०००० |
| २९५।०७७।३।२१ | एल जि एकीकृत सेवा | सूचना प्रकाशन | २०००० |
| २९६।०७७।३।२१ | धौलागिरि मिडिया प्रा लि | सूचना प्रकाशन | ८००० |
| २९७।०७७।३।२१ | ग्लोबल म्याग्दी प्रा लि | सूचना प्रकाशन | ८००० |
